जिल्ला समन्वय समितिको कार्यालय,कावासोती
नवलपरासी(बर्दघाट-सुस्ता पूर्व)
गण्डकी प्रदेश,नेपाल ।

कार्यालयको छाप

पत्र संख्याः२०७९/०८०
चलानी नम्बरः १०३

मितिः२०७९/०६/२८

# सूचना ! सूचना !! सूचना !!!

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६क.मा प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६),दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता,गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली,२०६४ नियम १८ को उपनियम(१)मा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६क.बमोजिम मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक हुन चाहने व्यक्ति,संस्था,आपूर्तिकर्ता, निर्माण व्यवसायी,परामर्शदाता,गैर सरकारी संस्था वा सेवा प्रदायकले देहायका कागजातको प्रतिलिपी संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अनुसूची-२क.बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था भए अनुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरुः**

क. संस्था वा फर्म दर्ताको प्रमाणपत्र,

ख. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,

ग. कर चुक्ता प्रमाणपत्र, र

घ. आवश्यकता अनुसार व्यावसायिक इजाजतपत्र ।

२०७९/०६/२८

.................

(टिकाराम वाग्ले)
जिल्ला समन्वय अधिकारी

फोन नं. ०७८-५४०४५२(कार्यालय प्रमुख),०७८-५४०४५३(प्रशासन)
मेल ठेगानाः dconawalpur@gmail.com, dccofficea5@gmail.com